JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत २५ गते बुधबार ❑ 7 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## ३७ आरोही समूहले लिए आरोहण अनुमति

**रासस**
**काठमाडौं, २४ चैत**

कोभिड-१९ महामारीको प्रतिकूल परिस्थितिका बावजुद पनि सर्वोच्च शिखर सगरमाथासहितका हिमाल आरोहण गर्न आरोहीले आरोहण अनुमति लिएका छन् ।

महामारीकै कारण अघिल्लो वर्षको वसन्त याममा पर्वतारोहण र पदयात्राले असर बेहोरेको सन्दर्भमा यस यामको हिमाल आरोहणले पर्यटन क्षेत्रमा उत्साह जगाएको छ । यतिखेर विभिन्न मुलुकबाट नेपालको सगरमाथासहितका विभिन्न हिमाल आरोहणका लागि धमाधम आरोहीले अनुमति लिइरहेका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागले हालसम्म वसन्त यामको आरोहणका लागि सगरमाथासहितका विभिन्न हिमाल आरोहणका लागि ३७ आरोही समूहलाई आरोहण अनुमति (एक्सिपिडिसन पर्मिट) दिएको छ। सगरमाथाका १८ सहित ३७ आरोही समूहका ३०३ आरोहीलाई आरोहण अनुमति दिइएको विभागले जनाएको छ । सगरमाथा आरोहणका लागि मात्रै १८ आरोही समूहले अनुमति लिएको छ। हालसम्म सगरमाथाको १८ आरोही समूहसहित ३७ आरोही समूहले आरोहण अनुमति पाएको विभागको पर्वतारोहण शाखाका अधिकृत भीष्म भट्टराईले जानकारी दिए । विभागले आरोहण अनुमति दिएका हिमालमध्ये सबैभन्दा बढी सगरमाथा आरोहणका लागि छ । विभागले हालसम्म सगरमाथा, अन्नपूर्ण, मकालु, मनास्लु, धौलागिरि, ल्होत्से, पुमरी, नुप्से र टुकुचे हिमाल आरोहण गर्ने आरोहण अनुमति दिएको छ।

कोभिड महामारी जोखिमका बीच आरोहण अनुमति जारी हुनु र यसमा पनि विशिष्ठ पाहुनाको आरोहणले नेपालको साहसिक पर्यटन सुरक्षित रहेको सन्देश विश्वभर फैलाउन सहयोग पुग्ने अपेक्षा विभागले लिएको छ। बहराइनका राजकुमार शेखमोहम्मद हमाद मोहम्मद अल खलिफासहितको टोलीले पहिलो आरोहण अनुमति लिएको छ । नेपालस्थित सेभेन समिट ट्रेकमार्फत आरोहणको तयारी भइरहेको छ। बहराइन रोयल गार्ड (डिफेन्स फोर्स) मा कार्यरत १३ बहराइनी तथा तीन बेलायती रहने आरोही टोली छन् ।

## प्रचण्डले भने- सायद मैले गल्ती गरे

**रासस**
**काठमाडौं, २४ चैत**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफूले विगतमा केही गल्ती गरेको भन्दै आत्मालोचना गरेका छन् ।

३२ औं जनआन्दोलन दिवसका सन्दर्भ पारेर नेकपा माओवादी केन्द्रले मंगलबार रुकुम पश्चिममा आयोजना गरेको जन प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले पार्टीले अवसर पाउँदा संगठन निकै कमजोर रहेकाहरुलाई जिम्मेवारी दिएको तर जीवनभर पार्टीका लागि संघर्ष गरेकालाई उपेक्षा गरेको भन्दै आत्मालोचना गरेका हुन् ।

हालै माओवादी केन्द्र छाडेर एमालेमा प्रवेश गरेका रामबहादुर थापा 'बादल'लाई लक्षित गर्दै उनले भने, 'मलाई गद्दार भन्नेहरूलाई पनि गल्ती स्वीकार गर्दै आएपछि मैले विश्वास गरेँ, ममाथि बम प्रहार गर्ने साथीहरुलाई मैले गृहमन्त्री बनाएँ, सायद मैले गल्ती गरेँ ।' संगठनमा कुनै प्रभाव नै नभएका मानिसलाई स्थायी समितिमा राखेको भन्दै उनले त्यस्ता मानिस अन्ततः 'बिकाउ' साबित भएको बताए । रुकुमेली जनतालाई सम्बोधन गर्दै उनले भने, 'म आत्मालोचना गर्न पनि तपाईहरु माझ आएको छु । सायद मैले गल्ती गरेँ । म अब त्यस्तो गर्दिनँ ।' जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई उल्ट्याउन 'जाली फटाहा', 'प्रतिक्रान्तिकारी'ले प्रयास गरिरहेको भन्दै प्रचण्डले त्यसका विरुद्ध संघर्षका क्रममा आफूले जनताको साथ खोजेको बताए । 'पुस ५ मा प्रतिनिधिसभा विघटन भएपछि यो प्रतिगमन हो भनेर त्यसविरुद्ध संघर्ष गर्न देशव्यापी अपिल गरेँ । जनताले साथ देलान् त भन्नेमा संशय पनि थियो तर देशभर जाँदा जनता प्रतिगमन, प्रतिक्रान्तिका विरुद्ध हाम्रो पार्टीलाई साथ दिन तयार छ भन्ने मैले देखेँ,' उनले भने। जनताको बलमा त्यतिबेला प्रतिगमन रोकिए पनि जनताका उपलब्धि विरुद्ध षडयन्त्र अझै जारी रहेको उनले बताए । 'देशभित्र र बाहिर अनेक षडयन्त्र र प्रपञ्च भइरहेको छ। हामी त्यसका विरुद्ध लडिरहेका छौं,' उनले भने, 'तर काठमाडौंमा बसेर लडेको लडाइले हामीलाई धेरै प्रतिफल दिएको छैन । जतिबेला जनताको गाउँघर, टोलमा पुगेका छौं, जनताको बलमा हामीले सफलता पाएका छौं ।' यस्ता षडयन्त्रलाई परास्त गर्ने तागत हिजो जनयुद्धका बेलामा रहेका आधार इलाका, हिजोका योद्धा, घाइते र सहिद परिवारमा मात्र छ भन्ने महसुस गरेर नै आफू रुकुम आइपुगेको उनले बताए ।

## आफ्ना उम्मेदवारलाई मतदान गर्न आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ चैत**

नेपाल पत्रकार महासङ्घको बुधबार हुने निर्वाचनमा आफ्ना उम्मेदवारलाई विजयी गराउन नेपाल प्रेस युनियन, प्रेस सङ्गठन नेपाल, प्रेस चौतारी नेपाल र प्रगतिशील पत्रकार सङ्घले आह्वान गरेको छ।

गठबन्धनको मर्म र भावनानुसार देशैभर सहमतिका आधारमा उम्मेदवारहरू शाखा, प्रदेश र केन्द्रको निर्वाचनमा होमिएको भन्दै ती सङ्गठनले गठबन्धनमा रहेका सबै उम्मेदवारलाई विजयी गराउने गुरुत्तर दायित्व सबैको काँधमा रहेको जनाएको छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं संविधानको रक्षाका लागि सङ्गठित हुनुपर्नेमा जोड दिइएको छ।

यसरी संयुक्त विज्ञप्ति जारी गर्नेमा नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देल, प्रेस सङ्गठन नेपालका अध्यक्ष महेश्वर दाहाल, प्रेस चौतारी नेपालका उपाध्यक्ष विश्वमणि सुवेदी, प्रगतिशील पत्रकार सङ्घका अध्यक्ष उदय जीएम रहेका छन् । सो गठबन्धनका तर्फबाट विपुल पोखरेल, प्रेस चौतारी नेपाललगायतको गठबन्धनबाट निर्मला शर्मा र पत्रकार गजेन्द्र बुढाथोकीले आ-आफ्नो समूहसहित अध्यक्षमा उम्मेदवारी दिएका छन् । महासङ्घको केन्द्र, प्रदेश र शाखाको निर्वाचन बुधबार हुँदैछ।

## चार सांसदलाई माओवादी केन्द्रको कारवाही

**रासस**
**काठमाडौं, २४ चैत**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले नेकपा (एमाले) प्रवेश गरेका चार सांसदलाई कारवाही गरेको छ।

प्रतिनिधिसभा सदस्य टोपबहादुर रायमाझी, लेखराज भट्ट, प्रभु साह र गौरीशङ्कर चौधरीलाई पार्टीको साधारण सदस्य नरहने गरी कारवाही गरिएको जानकारी माओवादी केन्द्रले सङ्घीय संसद् सचिवालयलाई गराएको छ।

राजनीतिक दल त्यागसम्बन्धी ऐन २०७३ को दफा ३१ र ३२ बमोजिम स्पष्टीकरण माग गरी मन्त्रिपरिषद्बाट फिर्ता आउन गरिएको निर्देशन अस्वीकार गरेकाले कारवाही गरिएको अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'ले सङ्घीय संसद् सचिवालयलाई जानकारी गराए। माओवादी केन्द्रको यही चैत १ र २ गते बसेको केन्द्रीय समितिको बैठकले अध्यक्ष दाहाललाई प्रत्यायोजित गरेको अधिकार बमोजिम रायमाझी, भट्ट, साह र चौधरीले दल त्याग गरेको निर्णय गरिएको जनाइएको छ। राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३४ बमोजिम प्रतिनिधिसभामा पेश गर्ने निर्णयबमोजिम उनीहरुलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निस्काशन गरिएको हो ।

सांसदहरु रायमाझी, भट्ट र चौधरीले स्पष्टीकरण नदिएको र साहले दिएको स्पष्टीकरण चित्तबुझ्दो नभएको तथा राजनीतिक दलसम्बन्धी ऐनले तोकेको दायित्व उल्लङ्घन गरेको सङ्घीय संसद् सचिवालयमा माओवादी केन्द्रले गराएको जानकारी पत्रमा उल्लेख छ।

## तत्काल बन्दाबन्दी गर्ने योजना छैन : मन्त्री त्रिपाठी

**रासस**
**काठमाडौं, २४ चैत**

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री हृदयेश त्रिपाठीले कोभिड-१९ को सङ्क्रमण पुनः बढे पनि तत्काल बन्दाबन्दी (लकडाउन) गर्ने सरकारको योजना नरहेको स्पष्ट पारेका छन् ।

प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिको आजको बैठकमा मन्त्री त्रिपाठीले पछिल्लो समयमा कोभिड-१९ सङ्क्रमण बढिरहेको भन्दै त्यसलाई रोकथामका लागि सरकार तयारी अवस्थामा रहेको बताए । स्वास्थ्य सुरक्षा मापदण्ड पालना कडाइका साथ लागू गराइने उनको भनाइ छ । मन्त्री त्रिपाठीले भने, "कोरोनाको बढ्दो जोखिमप्रति सरकार सचेत छ तर दैनिक जनजीवन पनि सञ्चालन गर्नुपर्ने भएकाले जनस्वास्थ्यका मापदण्ड पालना गराइनेछ।" समितिअन्तर्गत गठित उपसमितिद्वारा प्रस्तुत प्रतिवेदनलाई सरकारले कार्यान्वयन गर्ने बताउँदै उहाँले सीमा क्षेत्रमा कडाइ गर्ने योजना रहेको जानकारी दिए । समितिले पछिल्लो समय छिमेकी देशमा कोरोनाको लहर पुनः बढ्दो क्रममा देखिएकाले सरकारले सोसम्बन्धी आवश्यक सर्तकता अपनाउन विशेष पहल गर्नुपर्ने भन्दै उपसमिति गठन गरिएको थियो ।

यही चैत ११ गतेको बैठकमा उपसमितिका संयोजक जीवनराम श्रेष्ठले समितिका सभापति जयपुरी घर्तीसमक्ष प्रतिवेदन पेस गरेका थिए। कोभिड सङ्क्रमणको महामारी भविष्यमा पनि आउन सक्ने सम्भावनालाई ध्यानमा राखी उपचार र नियन्त्रणका लागि सबै प्रदेश र केन्द्रमा आवश्यक सुविधासहितको संरचना तयार गर्न सुझाव उपसमितिले दिएको छ।

सर्वसाधारण नागरिकलाई कोरोना भाइरसविरुद्धको खोप वितरण कार्यक्रम सरल र प्रभावकारी बनाउन तथा जतिसक्दो चाँडो खोप उपलब्ध गराउन पनि उपसमितिले सुझाव दिएको छ । कोभिड-१९ को महामारी बढ्दै गएपछि गत भदौ ९ गते बसेको समितिको बैठकले सांसद श्रेष्ठको संयोजकत्वमा अन्जना विशङ्खे, एकवाल मियाँ, तिलकबहादुर महत क्षेत्री, नमिताकुमारी चौधरी, सन्तकुमार थारु र सरिता न्यौपाने सदस्य रहेको सात सदस्यीय उपसमिति गठन गरेको थियो ।

## नेपाल र कतारबीच पर्यटन प्रवर्द्धनमा सहकार्य हुने

**रासस**
**काठमाडौं, २४ चैत**

कोभिड-१९ महामारीका कारण शिथिल बनेको मुलुकको पर्यटनलाई चलायमान बनाउन नेपाल र कतारबीच पर्यटन प्रवर्द्धनका लागि सहकार्य हुने भएको छ।

नेपालका लागि कतारका राजदूत युसुफ विन मोहम्मद अल हैल र नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीबीच पर्यटन बोर्डमा सोमबार भएको भेटवार्तामा दुवै देशबीच पर्यटन प्रर्वद्धन गर्ने विषयमा सकारात्मक कुराकानी भएको छ। दुई देशबीच पर्यटन प्रवर्द्धनको पर्याप्त सम्भावना रहेको र मिलेर काम गरे पर्यटन उद्योगलाई थप चलायमान बनाउन सकिने विषयमा छलफल भएको बोर्डले मंगलबार विज्ञप्तिमार्फत जनाएको छ । कतारका राजदूतले नेपाल प्रकृतिको अनुपम उपहार भएको उल्लेख गर्दै पूर्वाधार विकासमा थप जोड दिन सके नेपालले पर्यटनबाट आर्थिक विकास गर्न सक्ने बताए। " यहाँको प्राकृतिक सौन्दर्यले म सधैँ लोभिने गरेको छु तर यातायातको उचित प्रबन्ध र महँगो हवाई भाडाले गर्दा चाहेर पनि मानिसले नेपाललाई आफ्नो गन्तव्य बनाउन सकेका छैनन् । यसमा ध्यान दिनुपर्छ", राजदूतले भने, उनले नेपालको पर्यटन विकासका लागि नयाँ ढङ्गले सोच्न आवश्यक रहेको उल्लेख गर्दै नेपालको पर्यटन प्रवर्द्धनका लागि कतार सरकार सहयोग गर्न सधैँ तयार रहेको बताए।

कार्यक्रममा पर्यटन बोर्डका कार्यकारी प्रमुख डा रेग्मीले नेपालमा सरकार र निजी क्षेत्र दुवैले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पत्रकारलाई मन्त्रालयका सचिवले मुद्दा चलाउने प्रावधानप्रति युनियनको आपत्ति

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ चैत**

नेपाल प्रेस युनियन कास्कीले गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा पत्रकारितालाई दबाउने खालका कानुन बनाउन लागेकोप्रति आपत्ति जनाएको छ।

प्रदेश सरकारले प्रदेशभित्र सञ्चालन हुने मिडिया र मिडियाकर्मीलाई कारवाही गर्ने अधिकारसहितको विधेयक सरकारले के नियतले तयार पारेको हो ? भन्ने प्रश्न गर्दै पत्रकारितालाई दबाउने खालका कानुन कुनै पनि शर्तमा मान्य नहुने स्पष्ट पारेको छ । युनियन कास्कीका अध्यक्ष नवीन सिग्देलले मंगलबार प्रेश विज्ञप्ति प्रकाशित गरी पत्रकारले गल्ती गरेमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिवले मुद्दा चलाउन पाउने र उनै सचिवले मुद्दाको किनारा लगाउने गरी राखिएको प्रावधानप्रति घोर आपत्ति जनाएका छन् । संविधानलाई कुल्चेर, प्राकृतिक न्यायको सामान्य सिद्धान्तलाई समेत ख्याल नगरी यो विधेयक ल्याउनुले प्रदेश सरकार र प्रदेशका कानुन निर्माणमा सहभागी अधिकारीहरुको क्षमतामाथि नै प्रश्न उब्जेको छ विज्ञप्तिमा भनिएको छ । प्रदेश सरकारले बनाएका अधिकांश कानुन कार्यान्वयन नै हुन सकेका छैनन् । आफूले बनाएका कानुन अलपत्र र बेवारिसे जस्तै भएका बेला कानुनको संख्या थप्नका लागि मात्र ल्याइएको यो विधेयकको मस्यौदामाथि व्यापक छलफल गरी संशोधनका साथ अगाडि बढाउन हामी सशक्त माग गर्दछौं ।

विज्ञप्तिमा युनियनको आग्रहलाई बेवास्ता गरेमा आन्दोलनको राप बाल्न तयार रहेको चेतावनी दिइएको छ । बहुमतका नाममा नागरिक अधिकार कुन्ठित हुने खालका कानुन निर्माणका लागि संघ र प्रदेश सरकारले अबका दिनमा चेष्टा नगरोस् विज्ञप्तिमा भनिएको छ, २५ चैत, २०७७ बाट सुरु हुने संसद बैठकमा टेबल हुनु अगावै यो विधेयकका विवादित बुँदाहरुमा संशोधन गरियोस् ।

विज्ञप्तिमा मुखले लोकतन्त्रका मन्त्र जप गर्ने तर भित्रभित्रै कसरी मिडियाको घाँटी निमोठ्न सकिन्छ भन्ने कुटील चाल रच्ने ओली सरकारको दोहोरो चरित्र उदांगो भइसकेको उल्लेख छ। प्रदेशमा सरकार गठन भएदेखि नै मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङसहित तालुक मन्त्रालयले यसका बारेमा छलफल त चलाएको थियो। तर ती छलफलका क्रममा आएका सुझावलाई पैतालामुनि राखेर सरकारले विधेयक ल्याएको उल्लेख छ।

## कृषि क्षेत्रबाटै मुलुक समृद्ध : मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ चैत**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले कृषि क्षेत्रबाटै मुलुक समृद्ध हुने बताएका छन् ।

गृह जिल्ला लमजुङस्थित सुन्दरबजार नगरपालिका-४ दुराडाँडामा सञ्चालित तीन महिने तालीमको मंगलबार उद्घाटन गर्दैमुख्यमन्त्री गुरुङले कृषि क्षेत्रबाटै मुलुक समृद्ध हुने र यसका लागि इजरायली प्रविधि विस्तार गर्न आवश्यक रहेकाले त्यसतर्फ प्रदेश सरकार लागेको बताए। इजरायली प्रविधिको प्रयोग गर्दै कृषिमा यान्त्रिकरण, आधुनिकरण र व्यवसायीकरण गर्दै अघि बढ्नुपर्नेमा गुरुङले जोड दिए। त्यस्तै, प्रदेश सरकारले जनताका लागि विजुली, खानेपानी, सडक, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रलाई विषेश प्राथमिकतामा राख्दै अघि बढिरहेको मुख्यमन्त्री गुरुङको भनाइ छ।



**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस् ।
– सास लिभोसन

## सम्पादकीय

# कर्णालीका एमालेबाट सिकौं

कर्णाली प्रदेशमा पचास प्रतिशत सांसद भएको नेकपा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । नेकपा एमालेले कर्णाली प्रदेशमा एकताबद्ध भएकाले माओवादी केन्द्र नेतृत्वको सरकार अल्पमतमा परेको छ। नेकपा एमालेका तीन मन्त्रीहरुले मंगलबार सामूहिक राजीनामा दिएपछि सरकार अल्पमतमा परेको हो । आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वाला, सामाजिक विकासमन्त्री दल रावल र वन तथा वातावरणमन्त्री नन्दसिंह बुढाले राजीनामा दिएका छन् ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सग्लो भएको बेलामा बहुमत सदस्यले संसदीय दलका नेता महेन्द्र बहादुर शाही विरुद्ध अविश्वासको प्रस्ताव ल्याइएको थियो । नेकपा कायम रहेको बेला प्रधानमन्त्री केपी शर्मा ओली र अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डको कारण पारित हुन सकेको थिएन । सर्वोच्च अदालतले नेकपा एमाले र माओवादी केन्द्र छुट्टाछुट्टै दल भएका कारण राजीनामापत्रमा उनीहरुले मन्त्रीका रुपमा ऐतिहासिक जिम्मेवारी सम्हालेको महसुस भएको जनाएका छन् । उनीहरुले सर्वोच्च अदालतको फैसला र नैतिक मूल्य-मान्यता स्थापित गर्दै राजीनामा गरेको उल्लेख गरेका छन् ।

गत फाल्गुण २३ गते सम्मानित सर्वोच्च अदालतले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)लाई साबिककै पार्टीको रुपमा रहने फैसला गरेपछि उत्पन्न भएको वर्तमान राजनीतिक परिस्थितिका कारण हाम्रो पार्टी नेकपा (एमाले)को कर्णाली प्रदेशसभा दलले गरेको निर्णयबमोजिम नैतिक र राजनीतिक मूल्य, मान्यताहरुलाई गर्दै हामीले आजका मितिसम्म सम्हाल्दै आएका विभागीय जिम्मेवारीबाट संयुक्त राजीनामा दिएका छौं, राजीनामापत्रमा भनिएको छ। नेपालका राजनीति दलहरू पानी बाराबार गरेर बस्नेहरुलाई कर्णाली प्रदेशबाट धेरै कुरा अवगत हुने गरेको छ।

## तपाईंको आज

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : व्यापारमा लाभ |
| वृष | : शारिरीक झमेला | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : मन चञ्चल |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

**घर जग्गा खरिद बिक्री**
तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


# मच्छिममा गाउँघर क्लिनिक भवन निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २४ चैत

म्याग्दीको धवलागिरि गाउँपालिका-७ मच्छिममा गाउँघर क्लिनिक भवन निर्माण भएको छ।

गुड नेवर्स इन्टरनेशनलको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित सामुदायिक विकास परियोजनाअन्तर्गत कदम म्याग्दी र गाउँपालिकाको सहयोगमा भवन निर्माण भएको हो। भवनको सोमबार धवलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले उद्घाटन गर्नुभयो।

एकतले दुईकोठे भूकम्प प्रतिरोधी क्षमताको भवन बनाउन गाउँपालिकाले चालु आर्थिक वर्ष २०७७/७८ मा रु पाँच लाख र परियोजनाले कदम म्याग्दीमार्फत रु सात लाख विनियोजन गरेको थियो। निर्माण सामग्री, फर्निचर खरिद र मजदुरको ज्यालामा गाउँपालिका र परियोजनाको बजेट खर्च भएको छ। जग्गा सम्याउन, पर्खाल लगाउने ढुङ्गा ढुवानी गर्ने काममा १०७ घरधुरीले प्रतिघर चार/चार दिनका दरले श्रमदान गरेको उपभोक्ता समितिका सचिव वीरबहादुर छन्त्यालले बताउनुभयो।

भवन निर्माणपछि विद्यालयको कोठा, व्यक्तिका घर र चौतारामा बसेर बालबालिकालाई खोप लगाउनुपर्ने समस्याको अन्त्य भएको छ। हरेक महिनाको एक दिन टोलमा पुगेर सेवा दिने स्वास्थ्यकर्मी र सर्वसाधारणलाई पनि सहज भएको छ। सामुदायिक विकास परियोजनामार्फत यसअघि धवलागिरि-६ बुल, वडा नं ४ बगर र वडा नं २ खोरियामा खोप केन्द्रको भवन निर्माण भएको थियो। भवन उद्घाटन कार्यक्रममा जग्गादातालाई सम्मान गरिएको थियो। हजार दिनका आमासँग गाउँपालिका अध्यक्ष कार्यक्रमअन्तर्गत गर्भवती, सुत्केरी र दुई वर्षसम्मका बच्चाका आमालाई अण्डा पनि वितरण गरिएको थियो।

# व्यक्तिगत घटना दर्ताका विवरण खोज्न ढड्डा पल्टाउनु पर्दैन

पोखरापत्र संवाददाता
दमौली, २४ चैत

तनहुँको म्याग्दे गाउँपालिकाले व्यक्तिगत घटना दर्ताका विवरणलाई डिजिटाइजेसन गरेको छ। गाउँपालिकाले घटना दर्ताका विवरण ढड्डामा राख्ने प्रचलनलाई विस्थापित गर्दै सम्पूर्ण विवरणलाई डिजिटल प्रविधिमा रूपान्तरण गरेको हो।

जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेदका सम्पूर्ण विवरणलाई डिजिटल प्रविधिमा रुपान्तरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। "व्यक्तिगत घटना दर्ताका विवरण ढड्डामा राख्ने प्रचलन थियो, गाउँपालिकामा अब व्यक्तिगत घटना दर्ता डिजिटलमा रुपान्तरण भएको छ", अधिकारीले भन्नुभयो, "यसले सबै प्रकारका विवरण खोज्न पनि सहज हुनुका साथै समयको पनि बचत हुन्छ।" उहाँका अनुसार एकै विवरण खोज्नुपर्दा ढड्डा पल्टाउनुपर्दा समस्या हुने गरेको थियो। गाउँपालिकाले सम्पूर्ण वडाका ३० हजार विवरण डिजिटल प्रविधिमा समावेश गरेको छ। "गत असोज महिनादेखि काम शुरु भएको थियो, सोमबार उक्त काम सम्पन्न भएपछि गाउँपालिकाको घटना दर्ताको डिजिटाइजेसन कार्य सकिएको घोषणा गरेको छ", अधिकारीले भन्नुभयो, "कम्प्युटरमा नाम हान्नेबित्तिकै सम्पूर्ण विवरण एकैचोटी पाउन सकिन्छ।"

सरकारले देशभरका स्थानीय तहमा यो कार्य गर्नका लागि रकमसमेत उपलब्ध गराएको थियो तर कतिपय स्थानीय तहले अझैसम्म पनि उक्त कार्य गरेका छैनन्।

गाउँपालिकाले सातवटै वडा कार्यालयका घटना दर्ताका विवरण परामर्शदातामार्फत् डिजिटाइजेसन गरेको हो। व्यक्तिगत घटना दर्ताका विवरण डिजिटल प्रविधिमा समावेश भएपछि कर्मचारीको समय बचत हुनुका साथै सेवाग्राहीले पनि छिटोछरितो सेवा प्राप्त गर्न सक्ने गाउँपालिकाका अध्यक्ष मायादेवी रानाले जानकारी दिनुभयो।

# कर्णाली प्रदेश सरकारबाट बाहिरियो एमाले

रासस
काठमाडौं, २४ चैत

नेकपा (माओवादी केन्द्र) का नेता मुख्यमन्त्री महेन्द्रबहादुर शाही नेतृत्वको सरकारबाट नेकपा (एमाले) बाहिरिएको छ। कर्णाली प्रदेशसभा संसदीय दलको बैठकको निर्णयअनुसार सरकारमा सहभागी तीन मन्त्रीले मंगलबार राजीनामा दिएसँगै औपचारिक रुपमा एमाले सरकारबाट बाहिरिएको हो। एमाले प्रदेशसभाको ठूलो दल हो।

प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वाला नेतृत्वमा सरकारमा सहभागी मन्त्रीले मुख्यमन्त्री शाहीलाई संयुक्त राजीनामा बुझाएका हुन्। सरकारमा मन्त्री ज्वालाका साथै सामाजिक विकासमन्त्री दल रावल र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री नन्दसिं बुढा सहभागी हुनुहुन्थ्यो। सात सदस्यीय कर्णाली प्रदेश सरकारमा अब मुख्यमन्त्रीसहित माओवादी केन्द्रका तीन मन्त्री रहेका छन्। भौतिक पूर्वाधार मन्त्री खड्गबहादुर खत्रीले राजीनामा दिएपछि झण्डै एक वर्षदेखि सो मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले नै संहाल्दै आउनुभएको छ। विसं २०७४ फागुन ३ गते तत्कालीन एमालेले माओवादी केन्द्रलाई प्रदेश सरकार गठनका लागि समर्थन गरेको थियो। यसअघि चैत ४ गते बसेको दलको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता गरेसँगै मन्त्रीलाई फिर्ता हुन निर्देशन दिएको थियो। यही चैत २२ गते बसेको दलको बैठकले २४ घण्टाभित्र राजीनामा दिएर दलको निर्णय कार्यान्वयनमा सहयोग गर्न पुनः मन्त्रीलाई निर्देशन दिएको थियो। मुख्यमन्त्री शाहीसमक्ष राजीनामा दिएलगत्तै आयोजित पत्रकार सम्मेलनमा मन्त्री ज्वालाले पार्टीभित्र मतभेद भएपनि पार्टी निर्णय कार्यान्वयन गर्नुको विकल्प नभएको बताउनुभयो। एमालेले माओवादी केन्द्रलाई दिएको समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री शाहीले आगामी वैशाख ५ गतेभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने बाध्यता छ। प्रदेश प्रमुखको कार्यालयले तोकिएको अवधिमै विश्वासको मत लिन मुख्यमन्त्रीलाई ध्यानाकर्षण गराइसकेको छ।

# बाँदरबाट अन्नबाली जोगाउने नयाँ काइदा

पोखरापत्र संवाददाता
दमौली, २४ चैत

जिल्लाको शुक्लागण्डकी नगरपालिकाले बाँदरले अन्नबाली खाएर सास्ती दिन थालेपछि बाँदर धपाउन नयाँ विधि अपनाएको छ। वन जङ्गलमा पर्याप्त आहारा नहुँदा कृषकले खेतबारीमा लगाएको अन्नबाली बाँदरबाट जोगाउन नसकेपछि पालिकाले नयाँ जुक्ति निकालेको हो।

बाँदरले लगाएको खेती मात्रै नभई घरको कौशीमा राखेको अन्नबालीसमेत खाएर नोक्सान पुर्‍याउन थालेपछि शुक्लागण्डकी नगरपालिका-७ वडाले त्यस क्षेत्रका कृषकलाई अदुवा र बेसारको बीउ वितरण गरेको छ। दिनहुँ बाँदरको समस्याबाट देशभरका कृषक चिन्तित छन्। उक्त समस्या कम गर्दै उत्पादन बढाउन र कृषकलाई आत्मनिर्भर बनाउने उद्देश्यले अदुवा र बेसारको बीउ वितरण गरिएको वडाध्यक्ष रामबहादुर थापा क्षेत्रीले बताउनुभयो। कृषकलाई ३३५ किलो बेसार र ५० किलो अदुवाको बीउ वितरण गरिएको छ। उहाँले भन्नुभयो, "वडाको अर्चले र न्यारथुमका विपन्न ३५ कृषकलाई भने ५० प्रतिशत अनुदानमा बीउ वितरण गरिएको छ।" खेत बारीमा लगाएको खेतीबाली बाँदरले सखाप पार्ने भएकाले वैकल्पिक खेती गर्न बीउ वितरण गरिएको उहाँले बताउनुभयो।

बेसार र अदुवा बाँदरले खाँदैन। उहाँले भन्नुभयो, "उत्पादन पनि राम्रो हुने भएकाले बीउ वितरण गरेका हौं।" बाँदरले क्षति पुर्‍याउने खेतबारीमा अदुवा र बेसार खेती प्रभावकारी हुने देखिएकाले कृषकको माग अनुरुप बीउ वितरण गरिएको सो वडा कार्यालयले जनाएको छ। कृषकको आवश्यकता र मागअनुसार वितरण गरेको बताउँदै उहाँले भन्नुभयो, "कृषकको चासो देखाएर लाग्न आग्रह गरेका छौं, बीउको उचित सदुपयोग भए/नभएको समय समयमा अनुगमन गरिनेछ।" वडाले अनुदानमा बीउ उपलब्ध गराउँदा राहत मिलेको स्थानीय सोमबहादुर कुँवरले बताउनुभयो। मकै र कोदो लगाउँदा सबै बाँदरले खाएर घरमा भित्र्याउन नपाएको गुनासो पोख्दै अन्नबालीको अलवा अब अदुवा र बेसार उत्पादन गरेर मुनाफा लिने गरी खेती गर्ने योजना रहेको बताउनुभयो।

ज्याला मजदूरी गरी खाने परिवारमा एकदुई जना मानिस त खेती कुर्नै पर्ने भएकोले वैकल्पीक खेतीको रुपमा अदुवार बेसार खेती उपयुक्त रहेको उहाँले बताउनुभयो। वडाले बाँदरबाट प्रभावित कृषकलाई राहत दिन चालु आर्थिक वर्षमा रु एक लाख बजेट विनियोजन गरेको थियो। शुक्लागण्डकीनगरपालिकाले लगाएको बालीनाली खाएर दुःख दिएको अन्य वडाको पहिचान गरी अदुवार र बेसारको बीउ वितरण गर्ने योजना रहेको बताइएको छ।

# रोग फाल्न तातोपानीमा डुबुल्की

-ध्रुवसागर शर्मा
म्याग्दी, २४ चैत

प्राकृतिक चिकित्सालयको नामले चर्चित म्याग्दीको बेनीनगरपालिका-४ सिङ्गा तातोपानीस्थित तातोपानी कुण्ड यति बेला बिरामी र बिरामीका आफन्तको भीडले खचाखच भरिएको छ।

जमीनभित्रबाट ५० डिग्री सेल्सियसको तातो पानी आउने कुण्डमा एक सातासम्म नियमित स्नान गरेमा हाडजोर्नी, चर्म, ग्यास्ट्राइटिस, नशा, बाथ, ढाड दुख्ने, आङ खस्ने, पेट सुन्निने, गलगाँडलगायतका रोग निको हुने जनविश्वास छ। कुण्डको पानीबाट बिरेनूनको गन्ध आउँछ। कुण्ड व्यवस्थापन समितिका अनुसार ठूला अस्पतालमा उपचार गर्दा पनि निको नभएका बिरामी यहाँ आउने गरेका हुन्। कुण्ड क्षेत्रमा साना ठूला तीन कुण्ड छन्। कुण्डमा एक पटकमा पाँच सय जनाले डुबुल्की मार्न सक्छन्। कुण्डमा दैनिक पाँच सयदेखि एक हजार जनासम्मले स्नान गर्दै आएका छन्। खासगरी असोजदेखि चैतसम्म बढी भीड लाग्छ। नुहाउनका लागि रु १५० को टिकट काट्नुपर्छ। कुण्डमा पुग्न म्याग्दी सदरमुकाम बेनीबाट नौ किलोमिटरको दूरीमा मोटरबाटो हुँदै जान सकिन्छ भने काठमाडौँबाट २९७ किलोमिटर टाढा पर्छ।

कुण्डमा स्नान गर्ने आउने बिरामी पहिलो पटक भन्दा पटकपटक आएका अत्याधिक रहेको कुण्ड व्यवस्थापन समितिले जनाएको छ। कुण्डमा नेपाली बाहेक विदेशीले समेत नियमित स्नान गर्न थालेका छन्। पछिल्लो समय होटल व्यवसायसमेत फस्टाउन थालेपछि विदेशीले समेत हप्ता दिनसम्म स्नान गरेर फर्किने गरेको कुण्ड व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रमान शाक्यले बताउनुभयो। 'नियमित आउने विदेशीको सङ्ख्या पनि बढ्न थालेको छ,'समूहमै आउन थालेका छन्' शाक्यले भन्नुभयो। देश, विदेशका ठूला अस्पतालमा प्याथोलोजी र आयुर्वेदिक उपचार पद्धतिबाटसमेत रोक निको नभएपछि आजित भएका बिरामीसमेत यहाँ आएर एक सातादेखि १० दिनसम्म तातो पानी कुण्डमा डुबेपछि स्वास्थ्यलाभ गरेर फर्किएका अध्यक्ष शाक्यले बताउनुभयो। ठूला अस्पतालमा उपचार गराउँदा समेत निको नभएपछि अन्तिम विकल्पको रुपमा तातोपानीमा आउने गरेका बिरामीमा सबैभन्दा धेरै बागलुङ जिल्लाबाट आएका कुण्ड व्यवस्थापन समितिको तथ्याङ्क रहेको छ। शरीरभरि फैलिएको घाउ, छाला फुटेर डरलाग्दो अवस्था, सडक दुर्घटनामा गम्भीर घाइते तथा चिकित्सककै सुझावमा कुण्डमा आउने बिरामीको अनुभवले पनि कुण्डले धेरै बिरामीको परिवारमा खुशी थपेको छ।

नेपालका विभिन्न जिल्लामा रहेका कुण्डका व्यवस्थापन समितिको भ्रमणको रोजाइँमा परेको म्याग्दीको तातोपानी कुण्ड नेपालकै उत्कृष्ट तातोपानी कुण्ड हो। विभिन्न जिल्लामा न्यून पूर्वाधार, निकै कम सङ्ख्यामा बिरामी पुग्ने गरेको अवस्थामा सिङ्गा तातोपानी कुण्डमा भने बाह्रैमहिना बिरामी आउने गरेका छन्। कुण्डको व्यवस्थापन, पूर्वाधार, बिरामीको चाप नेपालमै पहिलो र उत्कृष्ट भएको तातोपानी कुण्ड व्यवस्थापन समितिले दावी गरेको छ। कुनै समय भैंसी आहाल बस्ने ताल जस्तै तातोपानी कुण्डलाई स्थानीयवासीको मेहनतमा बिरामीको उपचार केन्द्र बनेको छ। म्याग्दी खोलाको किनारमा अवस्थित तातोपानीलाई बर्खाको समयमा खोलाले बगर बनाउने गरे पनि स्थानीयवासीले चार दशकसम्म लगातार पोखरी, पानीको मुहानको संरक्षण, पदैलमार्गमा जनश्रमदान तथा आर्थिक सहयोग गरेका कुण्ड व्यवस्थापन समितिका अध्यक्ष शाक्यले बताउनुभयो। स्थानीयवासीले बिहानबेलुकी स्नान गृहको रुपमा प्रयोग गरेको पोखरी अहिले नेपालकै प्राकृतिक उपचार केन्द्रको रुपमा स्थापित भएको छ। विसं २०४२ मा फेला परेको तातोपानीको मुहानलाई स्थानीयवासीले संरक्षण गरेका अध्यक्ष शाक्यको भनाइ छ। घाउ चोटपटक लागेको ठाउँमा पानीमा नून राखेर तातो बनाइ कृतिम रुपमा सेक्ने चलनलाई आधुनिक चिकित्सा विज्ञानले पनि स्वीकार गरेको अवस्था छ। बिरेनून र गन्धकको मिश्रण भएको प्राकृतिक तातोपानी कुण्डमा कृतिम घरेलु उपचारको तुलनामा सहज र सुविधायुक्त तरिकाले घण्टौसम्म स्नान गर्न सकिने सुविधा भएकाले बिरामीको आकर्षण बढ्दै गएको कुण्ड व्यवस्थापन समितिका सहसचिव कुमार केसीले बताउनुभयो। उहाँका अनुसार एक दिनमा दुई पटक डेढ/दुई घण्टाका दरले तातोपानीको कुण्डमा शरीरलाई डुबाएर स्नान गरेपछि बाहिर निस्किएर २० मिनेटसम्म बलाङ्केट, पलाष्टिक काम्लो आदी न्यानो कपडा ओढेर शरीरबाट खलखल पसिना निकाल्ने गरिएको छ। तातोपानी पिउनुलाई स्वास्थ्यवर्द्धक मानिएको छ।

कुण्डमा नेपालका भिआइपीसमेत पुगेर स्नान गर्ने गरेका छन्। सिङ्गाका साथै मुस्ताङ जाने बेनी-जोमसोम सडक अन्तर्गत अन्नपूर्ण गाउँपालिका-२ भुरुङ तातोपानीमा कालीगण्डकी किनारमा रहेको तातोपानी कुण्ड पर्यटकीयस्थलको रुपमा परिचित छ। अन्नपूर्ण गाउँपालिकाको पाउद्वार, पोखरे बगरको रातोपानी, दोबाको सेकार्कु, रघुगङ्गा गाउँपालिकाको दर्मीजा, धवलागिरि गाउँपालिकाको बगर र गुर्जामा प्राकृतिक तातोपानी कुण्ड छन्। यी कुण्डमा पनि स्नान गरेर उपचारका लागि बिरामी आउँछन्। कोरोनाले थला पारेको होटल र पर्यटन व्यवसायपूर्ण रुपमा चलायमा नहुन अझै समय लाग्ने देखिएको छ। फाट्टफुट्ट पर्यटक आउन थालेपछि व्यवसायमा राहत महसुस गरेका छन्। तर अघिल्ला वर्षमा यो समयमा बिरामीको चाप हुने तातोपानी कुण्ड यो वर्ष बल्ल चलयमान हुनथालेका छन्। यसले थला परेको पर्यटन र होटल व्यवासायीमा राहत मिलेको छ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०७७/०९/२९ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, ब्यहोर्ने शर्तमा साविक **बि.जि.सोप इण्डष्ट्रिज एण्ड केमिकल सप्लायर्स प्रा.लि.** को नाम परिवर्तन भई कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/१२/०४ को निर्णय बमोजिम **बि.जि. बिल्डर्स प्रा.लि.** (**प्रा.लि. नं.२१४८८५**) कायम भएको ब्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# बन्दीपुरलाई साहसिक पर्यटकीयस्थल बनाउन पहल

**पोखरापत्र संवाददाता**
**दमौली, २४ चैत**

पहाडकी रानी उपमाले परिचित तनहुँको बन्दीपुरमा पर्यटन र पूर्वाधार युक्त केबुलकार परियोजना निर्माण अगाडि बढेको छ।

बन्दीपुर केबुलकार एण्ड टुरिजमले शुरु गरेको करिब रु दुई अर्ब लागतको पर्यटकीय अवधारणाले गाउँ छाडेका सबै स्थानीयवासी गाउँ फर्किने र नयाँ व्यवसायमा अगाडि बढ्ने क्रम बढिरहेको छ । बन्दीपुर गाउँपालिकाको सहजीकरणको कारण यस क्षेत्रमा लगानीको माहोल बनेको लगानीकर्ता बताउँछन्। बन्दीपुरको मिनी ग्रेटवाल, साइकल लेन, जङ्गल सफारीका पूर्वाधारमा सो केबुलकारले थप प्रवर्द्धनको योजना बनाएपछि यो क्षेत्र साहसिक पर्यटकीयस्थलको रुपमा विकसित हुने सो केबुलकारका अध्यक्ष रामचन्द्र शर्माले बताउनुभयो। साहसिकस्थललाई केन्द्रमा राखी सो केबुलकारले आफ्ना सहायक कम्पनीमार्फत अग्लो बन्जी जम्पको निर्माण प्रक्रिया थालेको छ । यस्तै जङ्गल पिङ, एक हजार ८०० मिटर लामो स्पाइडर जीप लाइन, ६०० मिटर लामो भिरमा टुँडिखेलसम्म वाक थ्रु, ५० मिटर लामो शिशाको पुलसमेत बनाउने गरी डिपिआर तयार गरिएको छ।यस्तै स्काइसाइकिलिङलगायतका मनमोहक मनोरञ्जन पूर्वाधार निर्माण गरी दैनिक पाँच हजारबढी पर्यटक बन्दीपुरमा भित्र्याउने लक्ष्य राखिएको छ।

पाँच वटा सहायक कम्पनीमार्फत थप रु एक अर्ब लगानी यो क्षेत्रमा गर्ने योजना बनाइएको शर्माले जानकारी दिनुभयो । "हर्स राइडिङ सेवा र छिम्केश्वरीदेखि रामकोटसम्म ४० किमि साइक्लिङ सेवासमेत शुरु गरेर गाउँ-गाउँसम्म पर्यटकीय गतिविधि चलाउने योजना छ", शर्माले भन्नुभयो । बन्दीपुरमा निर्माणाधीन केबुलकारको ६५ प्रतिशत कार्य सम्पन्न भएको छ। माथिल्लो स्टेशनमा १५ तल्ले क्विनटावर निर्माण कार्यलाई समेत तीव्रता दिइएको छ। क्विनटावरबाट फराकिलो कुहिरोको समुद्र देखाउने साथै हिमालय दर्शन गराएर बन्दीपुरको सुन्दरता अनुभव गराउने तयारी छ । बन्दीपुरको विकासकालागि आगामी दशवर्षभित्र १० लाख लगानीकर्तामार्फत रु १० अर्बको लगानी लगाएर सामूहिक व्यावसायिक अभियान सञ्चालन गर्ने योजना बनाइएको छ । "बन्दीपुर अवधारणा देश र विदेशमा प्रचारप्रसार गर्ने र देश समृद्ध बनाउने कम्पनीको सोच छ", उहाँले भन्नुभयो।

आरकेडी समूहअन्तर्गत रहेको यस कम्पनी समूहमा हाल स्वदेश र विदेशमा गरी तीन हजार सदस्य छन् । यस अभियानलाई साथ दिन केबुलकार परियोजनामा गाउँपालिकाले समेत लगानी गरेर स्थानीय लगानीको प्रवर्द्धनका लागि सचेतना जगाउने कार्य गरेको गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले बताउनुभयो । यसले गर्दा स्थानीयवासीसमेत लगानीका लागि आकर्षित हुँदै गएका छन्।

# पर्यटकको चाप बढेपछि शहर छाडेर गाउँ फर्किंदै घरबास सञ्चालक चित्रेवासी

**– लक्ष्मीप्रसाद सापकोटा**
**पर्वत, २४ चैत(रासस)**

गण्डकी प्रदेशकै उत्कृष्ट घरबास सुविधा भएको गाउँ पर्वतको चित्रेका स्थानीयवासी पर्यटक आगमन बढ्दै गएपछि पुनः गाउँ फर्कन थालेका छन्।

गाउँमा दैनिक आन्तरिक तथा बाह्य पर्यटकको चाप बढ्न थालेपछि पर्यटन व्यवसायकै निम्ति शहरबाट गाउँ फर्कनेको सङ्ख्या बढ्दै गएको छ। गाउँमा पर्यटकको चाप बढेकाले गाउँमै व्यवसाय गर्ने उद्देश्यले पोखराको होटल व्यवसाय छाडेर गाउँ फर्किएको मोदी गाउँपालिका-८ चित्रेका निशान गुरुङले बताउनुभयो । घरबास सञ्चालन गर्न गाउँ आएको उहाँको भनाइ छ। "शहरमा भन्दा गाउँमै बसेर मनग्य आम्दानी गर्ने लक्ष्य छ", उहाँले भन्नुभयो, शहरमा आम्दानीभन्दा खर्च बढी हुन्छ, बचत गर्नै मुस्किल, तर गाउँमा आम्दानीसँगै अन्य घरायसी काम पनि गर्न पाइन्छ, त्यसैले हामी गाउँमै फर्किएका हौं ।" गाउँमा पर्यटकीय चहलपहल बढेपछि स्थानीयवासी निकै उत्साहित भएका छन् । पर्यटकलाई राम्रो सेवासुविधा दिनका लागि यहाँका १० घरमा व्यवस्थित घरबास पूर्वाधार निर्माण भइसकेको छ । घरबास सञ्चालनका लागि गाउँ फर्किएका अहिले दैनिक गाउँमा आएका पाहुनाको स्वागत-सत्कारमा व्यस्त हुने गरेका छन्। तीमध्ये कतिपयले घरबासको मापदण्डबमोजिमका संरचना निर्माण गर्न थालेका छन्। कोरोना कहरका कारण झण्डै ११ महिनापछि तङ्ग्रिन थालेको चित्रेमा दैनिक ३० देखि ५० को हाराहारीमा पर्यटक आउन थालेको ग्रामीण चित्रे घरबास पर्यटन विकास समितिका अध्यक्ष सुशीलादेवी गुरुङले बताउनुभयो। गाउँमा एकसाथ ६० जनासम्म पाहुनालाई राख्न सकिने उहाँको भनाइ छ।

"कहिलेकाहीँ त ६० जनाभन्दा बढी पाहुना आउँछन्, व्यवस्थापन गर्न निकै अप्ठेरो हुने गरेको छ", उहाँले भन्नुभयो, "जिल्लामा भन्दा बाहिरका विद्यालय तथा क्याम्पसका विद्यार्थी ठूलो समूहमा आउने गरेका छन् ।" दैनिक पर्यटकको चहलपहलले गाउँनै रमाइलो हुने गरेको काठमाडौँबाट जन्मगाउँ चित्रे फर्कनुभएका हर्कमान गुरुङ बताउनुहुन्छ। "गाउँको हावापानी राम्रो छ, सामान्य मेहनत गरेर पनि मनग्य आम्दानी हुन्छ", उहाँले भन्नुभयो, "दैनिक पर्यटकको आगमनले गाउँनै शहरजस्तो भएको छ ।" लामो समय साउदी अरबमा रोजगारी गरेर फर्किनुभएका मीनबहादुर गुरुङ पर्यटन व्यवसायकै निम्ति गाउँ फर्किएको बताउनुहुन्छ । अहिले गाउँमा आएर घरबास सञ्चालन गरेपछि छोराछोरीलाई पढाउने खर्च पनि जोहो भएको उहाँको भनाइ छ। चित्रेलाई विसं २०६७ देखि पर्यटकीय गाउँ बनाउने अभियानमा गाउँले लागेका हुन् । समुद्री सतहदेखि एक हजार ५०० मिटर उचाइमा अवस्थित चित्रेमा ४४३ घर छन्।

प्राकृतिक सुन्दरता, न्यानो आतिथ्यता, गुरुङ संस्कृतिमा प्रख्यात चित्रेगाउँ जैविक विविधताले पनि उत्तिकै महत्वपूर्ण मानिन्छ। चित्रेमा स्थानीयवासीको सक्रियतामा सामूहिक पाहुनाघर छ। स्थानीय महिला गाउँ घुम्न आउने पाहुनाको स्वागत-सत्कारका लागि समूहघरमा जम्मा हुने गर्छन्। गाउँमा पुग्ने पाहुनालाई सामूहिक पाहुनाघरमा राखेर सत्कार गर्नु, सोरेठी, घाँटू, लोकदोहोरी, रोधीलगायतका परम्परागत नृत्य प्रस्तुत गर्नु चित्रेवासीको चलन हो । स्थानीयवासीले गाउँमै उत्पादन गरेका मकै, धान, कोदो, भटमासलगायत हरियो सागसब्जी, गेडागुडी, गाउँमै पालिएका खसी तथा कुखुराको मासु खुवाउने गर्छन्। स्थानीयवासीको स्वागत-सत्कार र सम्मानले पर्यटकलाई लोभ्याउने गरेको चित्रेको पञ्चकोशी माध्यमिक विद्यालयमा अध्यापन गर्दै आउनुभएका शिक्षक मधुसुधन अधिकारीले बताउनुभयो । गुरुङ जातिको पुरानो संस्कृति तथा संस्कार जोगाइराख्न पनि यस्ता कार्यक्रम उपायोगी भएको उहाँको भनाइ छ । वृद्धवृद्धाले धान्दै आएका यस्ता कार्यक्रम पछिल्लो समय युवायुवतीले पनि सिको गर्दै आएका छन् । चित्रेबाट माछापुच्छ्रे, धवलागिरि, अन्नपूर्ण, नीलगिरिलगायतका हिमाल आँखै अगाडि देखिन्छन्।

ऊर्जा नदीको रूपमा परिचित मोदी गाउँपालिकाको पातीचौरबाट चित्रेगाउँसम्म मोटरबाटो पुगेको छ। हिँडेर आउन नसक्नेका लागि मोटरबाटो निर्माणपछि सजिलो भएको छ । पातीचौरबाट करिब ४५ मिनेटको गाडीको यात्रापछि चित्रे पुग्न सकिन्छ भने डेढ घण्टामा हिँडेरै पुग्न सकिन्छ । गण्डकी प्रदेशमै सातौँ स्थान र पर्वत जिल्लाकै पहिलो घरबासका रूपमा रहेको यहाँ आन्तरिक मात्र नभएर जापान, कोरिया तथा भारतलगायतका देशबाट पर्यटक आउने गरेका छन्।

# बागलुङका दुई रणनीतिक सडकको शुभारम्भ

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ चैत**

देशभर एक साथ निर्माण शुरु भएको १६५ रणनीतिक सडक सञ्जालमध्ये बागलुङका दुई सडक छनोट भएका छन् । एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक सञ्जाल निर्माण गर्ने नेपाल सरकारको योजनाअनुसार बागलुङमा दुई वटा सडक निर्माणको शुभारम्भ भएको छ । ती सडक शुभारम्भ भई बजेट विनियोजन भइसकेपछि यहाँका स्थानीय उत्साहित भएका छन् । बागलुङको निर्वाचन क्षेत्र नं १ अन्तर्गत अदालत चौपारी-सिगाना चापखर्क-गाजाको दह-बरेङ -शान्तिपुर सडक र निर्वाचन क्षेत्र नं २ अन्तर्गत हरिचौर-मल्म-पाण्डवखानी-रणसिङकिटेनी-भिमगिठे- दर्लिङ हुँदै निसिखोला सडक छनोट भएको छ।

सो आयोजनाका लागि रु ४०/४० करोड बजेट विनियोजन भएको बागलुङ क्षेत्र नम्बर एकका सांसद डा सूर्य पाठकले जानकारी दिनुभयो । सडक छनोट भएर बजेट विनियोजन भएपछि लामो समय टुक्रे बजेटका कारण सुधार हुन समस्यामा परेको अदालत चौपारी-सिगाना चापखर्क-गाजाको दह-बरेङ-शान्तिपुर सडक केही वर्षमा कालोपत्रे हुँने भएपछि यहाँका जनता खुशी भएको बागलुङ नगरपालिका-८ सिगानाका वडाध्यक्ष राजन जिसीले बताउनुभयो । "निर्वाचित भएपछि पहिलोपटक यही सडक निर्माण गर्नमा लाग्यौं, जस्का लागि डिपिआर बनाएर पेश गरेका थियौं", वडाध्यक्ष जिसीले भन्नुभयो, "हाम्रो वर्षौं पछिको मेहनत साकार हुँदै गएको छ, बागलुङ नगरपालिका, बरेङ गाउँपालिका र जैमिनी नगरपालिका समेटिएको सबैभन्दा छोटो सडक भएकाले जनतालाई निकै सहज हुनेछ ।" जिसीका अनुसार उक्त सडक झण्डै ३३ किलोमिटर लामो हुनेछ।

यसैगरी बागलुङ क्षेत्र नं २ अन्तर्गत हरिचौर-मल्म-पाण्डवखानी-रणसिङकिटेनी-भिमगिठे-दर्लिङ हुँदै निसिखोला सडक योजना छनोट गरिएको छ। बागलुङको गलकोट नगरपालिका र बडिगाड गाउँपालिका हुँदै निसीखोला गाउँपालिका जोड्न सहज हुने बागलुङ क्षेत्र नम्बर २ का सांसद देवेन्द्र पौडेलले जानकारी दिनुभयो । यो सडक झण्डै ४० किलोमिटर लामो रहेको छ। "बागलुङको बीच भागमा रहेको गलकोट नगरपालिकालाई बडिगाड हुँदै दुर्गम निसीखोला जोड्ने सडक हो यो", पौडेलले भन्नुभयो, "मध्यपहाडी लोकमार्गबाट शुरु भएको उक्त सडक दुर्गमलाई जोड्दै पुनः निसीखोलामा गएर लोकमार्गमै मिसिने भएका कारण विकासमा निकै फड्को मार्न सहज हुनेछ।"

हरेक निर्वाचन क्षेत्रमा त्यहाँका सांसदले छानेका सडकलाई छनोट गरी सरकारले एकैसाथ उक्त सडकको निर्माण शुभारम्भ गरेको छ। निर्वाचन क्षेत्र रणनीतिक सडक निर्माणसम्बन्धी मापदण्डमा सङ्घीय राजधानी, प्रादेशिक राजधानी, अन्तर्राष्ट्रिय विमानस्थल/सिमाना, दुई निर्वाचन क्षेत्रका प्रमुखस्थल तथा दुई जिल्ला र पालिका जोड्ने विषयका आधारमा सममावेश भएको हो।

# सामुदायिक वनमा भीषण आगलागी

**पोखरापत्र संवाददाता**
**दमौली, २४ चैत(रासस)**

तनहुँको शुक्लागण्डकी नगरपालिका-१२ का विभिन्न सामुदायिक वनमा भीषण आगलागी भएको छ । केही दिनदेखि उक्त वडाका सामुदायिक वनमा आगलागी भएको हो।

उक्त वडाको प्रगतिशील, लक्ष्मीथुम्का र आमडाँडामा डढेलो लागेको वडाध्यक्ष मनराज गुरुङले जानकारी दिनुभयो। साथै छिमेकी वडाको पोष्टकबारी सामुदायिक वनमा पनि डढेलो लागेको छ। "कास्कीसँग सिमाना जोडिएका सामुदायिक वनमा पनि आगलागीका घटना बढेका छन्," उहाँले भन्नुभयो, "फिरफिरेलाई घेरेका सबै सामुदायिक वनमा आगलागीका घटना बढेका छन् ।" वायु प्रदूषणको चरम अवस्थामा बढेका डढेलोले गर्दा लाखौँ वन्यजन्तु र बोटबिरुवा विनाश हुनुका साथै मानव जीवनको स्वास्थ्यमासमेत नकारात्मक असर पुगेको गुरुङले बताउनुभयो । "केही व्यक्तिको लापरवाहीका कारण यस्तो अवस्था सिर्जना हुन्छ, यसलाई नियन्त्रणका लागि सबै सचेत बन्नुपर्छ," उहाँले भन्नुभयो, "अनैतिक काम गर्ने युवाका कारण पनि डढेलोका घटना बढेको हुनसक्छ ।" हिउँदे समय शुरु भएसँगै वन जङ्गलमा डढेलोको जोखिम रहने भएकाले डिभिजन वन कार्यालय तनहुँले पनि डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रमलाई अगाडि बढाएको छ । चैत वैशाखको समयमा वन जङ्गलमा अत्याधिक डढेलो लाग्ने समय भएकाले कार्यालयले डढेलो नियन्त्रण तथा रोकथामका लागि सचेतनामूलक कार्यक्रमलाई जोड दिएको हो । जिल्लाका विभिन्न ठाउँमा डढेलो नियन्त्रणका लागि शीघ्र उत्तरदायी टिम गठन गरिएको कार्यालयका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो। "यो समय भने जङ्गलमा डढेलो लाग्ने समय हो, डढेलो लागिहाल्यो भने तत्कालै नियन्त्रण र रोकथामका लागि विभिन्न सामुदायिक वनमा उत्तरदायी टिम गठन गरेका छौ," उहाँले भन्नुभयो, "डढेलो लागेको थाहा पाउने वित्तिकै उक्त टिमले नियन्त्रणका लागि काम गर्छ।"

वन डढेलो नियन्त्रण वन कार्यालयले मात्रै गर्न नसक्ने भएकाले सरोकारवालाको पनि यसमा उत्तिकै भूमिका आवश्यक रहेको काफ्लेले बताउनुभयो। "डढेलो नियन्त्रणका लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासङ्घ लगायतलाई आग्रह गरेका छौ," उहाँले भन्नुभयो, "सर्वसाधारणले घर नजिकैको पातपतिङ्गर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा सल्किने गरेको छ ।" यो वर्ष भने अहिलेसम्म जिल्लामा डढेलोको समस्या देखिएको छैन।

जिल्लामा रहेका आठ वटा सव डिभिजन वन कार्यालयले आ-आफ्नो क्षेत्रमा वन डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम गरिरहेका छन्। जिल्लाको ८२ हजार ५४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ। जिल्लाका दश वटा स्थानीय तहमा ६१६ सामुदायिक, ४८५ कबुलियती, छ धार्मिक वन रहेका छन्।

# कालीगढ नपाउँदा ऐतिहासिक पुल ओझेलमा

**–सानेबहादुर नेपाली**
**तनहुँ, २४ चैत (रासस)**

जिल्लाको भिमाद नगरपालिका र म्याग्दे गाउँपालिका जोड्ने सेतीनदीमाथिको ऐतिहासिक झोलुङ्गे पुल ओझेलमा परेको छ।

राणाकालीन समयमा निर्माण गरिएको उक्त पुल जीर्ण अवस्थामा पुग्दा दक्ष कालीगढ नपाउँदा संरक्षण हुन नसकेको हो । पुरातात्विक महत्वको झोलुङ्गे पुलको संरक्षणको लागि नगरपालिकाले बजेटसमेत विनियोजन गर्दै आएको नगरपालिकाकाप्रमुख मेखबहादुर थापाले बताउनुभयो । पुलको संरक्षणको लागि विज्ञ टोलीको खोजीकार्य भइरहेको छ । उहाँले भन्नुभयो, "पुल निर्माण गर्ने कालीगढको अभावका कारण बजेट विनियोजन गरिए पनि कार्यान्वयन गर्न सकिएको छैन ।" पुलको संरक्षणको लागि स्थानीय र गण्डकी प्रदेश सरकारले चासो देखाउँदै आएका छन् । उहाँले भन्नुभयो, "नगरपालिकाले ऐतिहासिक झोलुङ्गे पुल मर्मतसम्भार तथा संरक्षण योजना शीर्षकमा पटकपटक बजेट विनियोजन गरे पनि 'फ्रिज' हुन पुगेको छ।" हामी पुल संरक्षणका लागि विभिन्न ठाउँसम्म पुगेका थियौं । उहाँले भन्नुभयो, "यस किसिमको पुलसम्बन्धी सीप भएका व्यक्ति भेट्टाउन नसकिएकाले त्यस्ता व्यक्ति भए नगरपालिकाले समन्वय गरेर काम गर्न तयार छ ।" पुरातात्विक र ऐतिहासिक क्षेत्रको अनुसन्धान, पुनःनिर्माण गर्नुपर्ने भएकाले डोजर लगाएर नष्ट गर्न नसकिएको नगरप्रमुख थापाले बताउनुभयो। ढोर क्षेत्रको मिनामखानीमा रहेको फलाम खानीबाट स्थानीय विश्वकर्मा समुदायले फलाम निकालेर यो पुल निर्माण गरेको बताइएको छ । उक्त पुलमा प्रयोग भएका काठका फल्याक कुहिएका छन् भने फलामको लठ्ठा अहिले पनि जस्ताको त्यस्तै अवस्थामा देख्न सकिन्छ । निर्माण भएको सयौं वर्ष बित्दा पनि फलामको गुणस्तर र कालीगढको चर्चा अहिले पनि उत्तिकै रहेको पाइन्छ। प्रदेश सरकारले ऐतिहासिक पुलको मर्मतसम्भार तथा संरक्षणका लागि गत वर्ष रु ११ लाख र यस आवमा रु बीस लाख विनियोजन गरेको नगरपालिकाले जनाएको छ। पुलको लागि भनेर छुट्टाएको बजेट काम गर्न नसकेपछि फ्रिज भएको नगरपालिकाका सूचना अधिकारी ऋषिभक्त वाग्लेले जानकारी दिनुभयो । आधुनिक पुलको विषयमा धेरै विज्ञ रहे पनि पुरानो पुलको सन्दर्भमा ज्ञान भएका व्यक्ति नहुँदा समस्या भएको हो । उहाँले भन्नुभयो, "ऐतिहासिक पुलको संरक्षणको लागि पुरातात्विक विभागमा गएर विवरण पेश गर्दा मर्मतसम्भार र संरक्षण गर्नुपर्ने इस्टिमेट ल्याउन भने पनि त्यो तयार गर्न नसक्दा संरक्षणको प्रक्रिया रोकिन पुगेको छ।" उक्त झोलुङ्गे पुल नजिकै मोटरेबल पुल निर्माण गरिएको छ।

सोही पक्की पुल हुँदै तनहुँ, स्याङ्जा, पाल्पा र नवलपुरलगायतका सयौं सर्वसाधारण दैनिक आवतजावत गर्ने गर्दछन् । ऐतिहासिक महत्व बोकेको झोलुङ्गे पुलको दयनीय अवस्था देखेपछि सर्वसाधारणले समेत खोलो तऱ्यो, लौरो बिर्स्यो भन्ने गरेको स्थानीयवासी बताउँछन्।

# पत्रकार महासङ्घ बागलुङमा सर्वसम्मत नेतृत्व

**पोखरापत्र संवाददाता**
**बलेवा, २४ चैत**

नेपाल पत्रकार महासङ्घ बागलुङको आगामी कार्यकालका लागि सर्वसम्मत नेतृत्व चयन भएको छ । जिल्लामा क्रियाशील पाँच पेशागत सङ्गठनका बीचमा सहमतिपश्चात् जिल्ला शाखाले सर्वसम्मत नेतृत्व पाएको हो।

दुबै समूहका प्रेस चौतारी नेपाल, नेपाल प्रेस युनियन, प्रेस सङ्गठन नेपाल र प्रगतिशील पत्रकार सङ्घको संयुक्त वार्ताले चारबुँदे सहमति गरेर सर्वसम्मत नेतृत्व चयन गर्ने निर्णय गरेको हो । सङ्घ, सङ्गठनको वार्ताले पूर्वसहमतिअनुसार अध्यक्षमा प्रेस युनियनलाई दिने निर्णय गरेको प्रेस युनियनका अध्यक्ष प्रदीप पन्तले बताउनुभयो । शाखाको अध्यक्षमा नरेश कँडेल, उपाध्यक्षमा नवीन शिशिर, महिला उपाध्यक्षमा जीवनकला खत्री, सचिवमा विजय राना, सहसचिवमा तारानाथ आचार्य, समावेशी सहसचिवमा सिर्जना पन्त र कोषाध्यक्षमा सुवास गौतम चयन हुनुभएको छ।


## नि:शुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर (BMTC) बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम (STSE) परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **नि:शुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७।१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तालिमका बिषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८०३२२४८८९ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata TVET PRACTICAL PARTNERSHIP
EUROPEAN UNION
BRITISH COUNCIL